**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख १२ गते**

प्रदेश २ मा वैशाख१२ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ६ सय ६६ जनाको स्वाब परीक्षण गरिएकोमा ६ सय १६ को रिपोर्ट नेगेटिभ आएको छ भने पाँच जनाको रिपोर्ट पोजेटिभ आएको छ । ४५ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, वैशाख १२ गतेसम्म आरडीटी किटबाट परीक्षण ४ हजार ३ सय ३१ जनाको गरिएकोमा ४ हजार ३ सय २२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने नौ जनाको रिपोर्ट पोजेटिभ आएको छ । पोजेटिभ रिपोर्ट आएकामध्ये आठ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट आउन बाँकी रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशमा १ सय ६४ क्वारेन्टाइनमा ३ हजार ६ सय ५ बेड सङ्ख्या रहेको छ । वैशाख १२ गतेसम्म १ हजार ३ सय ६६ जना क्वारेन्टाइनमा रहेका छन् भने १ हजार ६ सय ३९ जना होम क्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका १३ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय २७ रहेको छ ।

स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुले वैशाख १२ गते ३ सय २० ओटा भिटिएमसहित प्राविधिक स्वास्थ्यकर्मी सप्तरी पठाएको छ । भिटिएम आएपछि सङ्क्रमित हुन सक्ने सम्भावित सप्तरीको बोदे बर्साइन, सुरुङ्गा र सप्तकोशी नगरपालिकामा वैशाख १३ गते स्वाब सङ्कलन हुने भएको छ । महाशाखाका प्राविधिक फणिन्द्र ज्ञवालीले बोदे बर्साइन नगरपालिका-५ जाँजर, सुरुङ्गा नगरपालिका-११ अरहा भजक्का र सप्तकोशी नगरपालिका-१ फत्तेपुरमा केन्द्र स्थापना गरी स्वाब सङ्कलन गरेर परीक्षणका लागि वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइने जानकारी दिनु भयो । महाशाखाकै अनुरोधमा स्वाब सङ्कलन गर्न ल्याब टेक्निसियनहरूको छाता सङ्गठन मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल (मेलान) खटिएको जानकारी दिनुहुँदै मेलानका केन्द्रीय सचिव रोशन परियारले जिल्लामा रहेका मेलानका सदस्यहरू समेत स्वाब सङ्कलन कार्यमा खटिने जानकारी दिनु भयो । गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दास, डा. रणजित झा, स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादव, विश्व स्वास्थ्य सङ्गठनका किरण खड्काको उपस्थितिमा पूर्व क्षेत्रीय प्रहरी अस्पताल (ठाको देवी-जोगेन्द्र भगत) रूपनीका ल्याब असिस्टेन्ट टंकराज राई, सिएमए हरिप्रसाद साहलगायत अस्पताल र स्वास्थ्य कार्यालय सप्तरीका प्राविधिकहरूले स्वाब सङ्कलन कार्यमा खटिनु अघि नमूना परीक्षण र अभ्यास गरेका छन् ।

धनुषाको बटेश्वर गाउँपालिका-१ लवकुश बजारमा ठेलामा नास्ता बेचिरहेको देखेपछि लकडाउनको पालना गराउन पुगेका बटेश्वर प्रहरी चौकिका असइ शिवशंकर यादव र हवल्दार नागेन्द्रप्रसाद सिंहमाथि वैशाख १२ गते स्थानीय बासिन्दाले हातपात गरेको असई यादवले बताउनु भएको छ । सामूहिक रूपमा आफू र हवल्दारमाथि हातपात भएकाले महेन्द्रनगरका प्रहरी इन्स्पेक्टर पप्पु नायक, बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर राउत, वडा- १ का वडाध्यक्ष शैलेन्द्र महतो, वडा- २ का अध्यक्ष गंगाराम कुवरलगायतका प्रतिनिधिहरूले घटनामा संलग्नहरूको खोजी कार्य भइरहेको वडाध्यक्ष शैलेन्द्र महतोले बताउनु भयो ।

महोत्तरीको गौशाला नगरपालिकामा स्थानीय सरकारले वितरण गरेको खाने तेलका कारण सात जना विरामी परेका छन् । राहतमा बाँडिएको खानेतेलमा तरकारी पकाएर खाएपछि उनीहरू बिरामी परेका हुन् । सोही नगरपालिका-४ का १२ वर्षीया रामवती सदा, ३० वर्षीय श्रीचन सदा लगायतलाई पखाला लागेको हो । राहतमा खाने तेलको नाममा अमृत ब्रान्डका प्रशोधित पामोलिन खाने तेल वितरण गरेको

भन्दै वैशाख १२ गते दिउँसो स्थानीय महिलाहरूले नगरपालिकाको कार्यालय समेत घेराउ गरेका छन् । गौशाला नगरपालिकाका नगर प्रमुख शिवनाथ महतोले बिरामी भएकाहरूको उपचार र दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाए । राहत सामग्री खरिद एवम् प्याकिंग गर्ने कार्यमा संलग्नहरूसँग स्पष्टिकरण लिने वडाध्यक्ष रामबाबु साहले बताउनु भयो ।

छिमेकी जिल्ला उदयपुरको भुल्केमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि उदयपुरसँग सीमा जोडिएका सिरहातर्फका सबै नाका पूर्णरूपमा बन्द गरिएको छ । उदयपुर जिल्लामा कोरोना सङ्क्रमित फेला पर्न थालेकाले तत्काल आवतजावत रोक्न सिरहाका स्थानीयवासीले माग गरेपछि उदयपुर जिल्लासँग सीमा जोडिएका नाका बन्द गरिएको सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजकुमार गुरागाईंले जानकारी दिनु भएको छ । उदयपुरको विभिन्न स्थानबाट सर्वसाधारण लहान आउने र लहानबाट उदयपुरतर्फ आवतजावत भइरहेकाले सिरहा जिल्ला पनि उच्च जोखिममा रहेको भन्दै नाका शिल गराएको प्रमुख जिल्ला अधिकारी गुरागाईंले बताउनु भयो ।

सर्लाहीको धनकौल गाउँपालिका-५ हरकठवाको १४ वर्षीय बालकमा कोरोना भाइरसको पीसीआर परीक्षण पोजेटिभ देखिएपछि हरकठवा टोल शिल गरिएको छ । वैशाख ११ दिउँसो काठमाडौंबाट पीसीआर टेस्ट पोजेटिभ आएपछि हरकठवा टोल शिल गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणी पोखरेलले जानकारी दिनु भएको छ । बालकलाई उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल बीरगंज पठाइएको र घरका अन्य पाँच जना सदस्यलाई क्वारेन्टाइनमा राखिएको एसपी पोखरेलले जानकारी दिनु भएको छ । प्रादेशिक अस्पतालमा दुई पटक गरिएको पीसीआर रिपोर्ट नेगेटिभ देखिएपछि घर फिर्ता गरिएको थियो । तर, घरमा पनि उनलाई छुट्टै कोठामा राखिएको थियो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुले वैशाख १२ गते ३ सय २० ओटा भिटिएमसहित प्राविधिक स्वास्थ्यकर्मी सप्तरी पठाएको छ । भिटिएम आएपछि सङ्क्रमित हुन सक्ने सम्भावित सप्तरीको बोदे बर्साइन, सुरुङ्गा र सप्तकोशी नगरपालिकामा वैशाख १३ गते स्वाब सङ्कलन हुने भएको छ ।

महाशाखाका प्राविधिक फणिन्द्र ज्ञवालीले बोदे बर्साइन नपा-५ जाँजर, सुरुङ्गा नपा-११ अरहा भजक्का र सप्तकोशी नगरपालिका-१ फत्तेपुरमा केन्द्र स्थापना गरी स्वाब सङ्कलन गरेर परीक्षणका लागि बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइने जानकारी दिनु भयो ।

महाशाखाकै अनुरोधमा स्वाब सङ्कलन गर्न ल्याब टेक्निसियनहरूको छाता सङ्गठन मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल (मेलान) खटिएको जानकारी दिनुहुँदै मेलानका केन्द्रीय सचिव रोशन परियारले जिल्लामा रहेका मेलानका सदस्यहरू समेत स्वाब सङ्कलन कार्यमा खटिने जानकारी दिनु भयो ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दास, डा. रणजित झा, स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादव, विश्व स्वास्थ्य सङ्गठनका किरण खड्काको उपस्थितीमा पूर्व क्षेत्रीय प्रहरी अस्पताल (ठाको देवी-जोगेन्द्र भगत) रूपनीका ल्याब असिस्टेन्ट टंकराज राई, सिएमए हरीप्रसाद साहलगायत अस्पताल र स्वास्थ्य कार्यालय सप्तरीका प्राविधिकहरूले स्वाब सङ्कलन कार्यमा खटिनु अघि नमूना परिक्षण र अभ्यास गरेका छन् ।

उदयपुरको त्रियुगा नपा-३ भुल्केमा फेला परेका सङ्क्रमितहरू सप्तरीको कञ्चनरूप नपा-२ बरमझिया, वडा नम्बर १२ चर्खिया र सप्तकोशी नपा-१ फत्तेपुरस्थित मस्जिदमा बसेर गएको पत्ता लागेपछि सो क्षेत्रमा तिब्र रूपमा आरडिटी परीक्षण भएको थियो ।

सप्तकोशी नपा-१ फत्तेपुरमा ७४, वडा नम्बर २ सिद्धिपुरमा ६६ र वडा नम्बर ४ बलार्दहमा ३१ जनाको आरडिटी परीक्षण गरिएको थियो । सप्तकोशी नपा-१ का ७१ वर्षीय जेष्ठ नागरिकको आरडिटी परीक्षणमा रिपोर्ट पोजिटिभ आएपछि उहाँसहित उहाँकी पत्नी र छोराको स्वाब परीक्षण गर्दा नेगेटिभ आएको थियो । यसैगरी कञ्चनरूप नपा-२ बरमझियामा ३९ र वडा नम्बर १२ चर्खियामा २७ जनाको आरडिटी परीक्षण गर्दा सबैको नेगेटिभ आएको छ ।

त्रियुगा नपा-३ भुल्केमा आरडिटी परीक्षण गर्दा नेगेटिभ आएपनि पिसिआर विधीबाट परीक्षण गर्दा पोजिटिभ आएकाले सप्तकोशी नगरपालिकाका प्रमुख उत्तम शर्माले पिसिआर विधिबाटै परीक्षण गनुपर्ने माग गर्दै आउनु भएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख ९ गते सङ्क्रमित पुष्टि गरेको भुल्केका ११ जनामध्ये दुई जना सुरुङ्गा-११ अरहा भजक्काको स्थायी वासिन्दा रहेको पत्ता लागेपछि सो क्षेत्रमा पनि परीक्षण तिब्र पार्न माग उठेको थियो । बोदे बर्साइन नपा-५ जाँजरमा फागुन ३ देखि ५ गतेसम्म भएको धार्मिक सभा ‘इज्तिमा’ मा सहभागी १ लाख भन्दा बढी इस्लाम धर्मालम्बीहरू नै आफ्नो कार्यक्षेत्र बाँडेर जमातीका हैसियतले विभिन्न मस्जिदमा गएकोले सो क्षेत्रलाई पनि जोखिमयुक्त ठहर गर्दै जिल्ला सुरक्षा समितिले ६ दिन अघि स्वाब सङ्कलन केन्द्र स्थापना गरी परीक्षण गर्ने निर्णय गरेको थियो ।

तर, स्वाब सङ्कलन गर्ने भिटिएमको अभावमा परीक्षण हुन पाएको थिएन । महाशाखाले भिटिएमसहितको प्राविधिकहरू पठाएपछि ३ सय बढीको स्वाब सङ्कलनका लागि ठाउँ र नाम छनौट भईसकेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादवले बताउनु भयो ।

राजविराजबाट पठाइएको पाँचओटा स्वाबको रिपोर्ट वैशाख १२ गते नेगटिभ आएको छ । भुल्केमा फेला परेको सङ्क्रमितको परिवारका तीन जना र सङ्क्रमितहरूको कपाल काट्ने भोला ठाकुर भागेर एक रात बसेको बहिनीको घर सुरुङ्गा नपा-११ बाट दुई जनाको स्वाब वैशाख ११ गते राति धरान पठाइएको थियो ।

अस्पतालले हालसम्म पठाएको ४७ जनाको स्वाबको परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको अस्पतालका प्रमुख मेसु डा. दासले जानकारी दिनु भयो ।

चैत ९ गतेदेखि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा सञ्चालित फिभर क्लिनिकमा वैशाख १२ गतेसम्म १ सय ९९ पुरुष र १ सय १९ महिला गरी ३ सय १८ जनाको ज्वरो जाँच भएको छ । ज्वरो आएका बिरामीको अस्पतालले आरडिटी समेत परीक्षण गर्ने भएपछि अस्पतालमा ज्वरोका बिरामीहरू आउन छाडेको डा. रणजीत झाले बताउनु भयो ।

सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३० ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख १२ गते ११ महिला र ४८ जना पुरुष थप भएका छन् भने १० जना पुरुष निगरानी अवधि सकिएर घर फर्किएका छन् ।

हाल २३ महिला र १ सय ६० पुरुष गरी १ सय ८३ जना क्वारेन्टाइनमा बसेका छन् भने ५९ जना होम क्वारेन्टाइनमा बसेका छन् । वैशाख ११ गतेसम्म ८७ महिला र ६ सय २८ पुरुष गरी ७ सय १५ जनाको आरडिटी परीक्षण भएकोमा चार जनाको रिपार्ट पोजेटिभ आएको थियो । ती चार जनाको समेत स्वाब परीक्षण गर्दा नेगेटिभ आएको छ । राजविराज अस्पतालमा वैशाख १२ गते सात जनाको आरडिटी परीक्षण भएकोमा सबैको नेगेटिभ आएको ल्याब असिस्टेन्ट कृष्णचन्द्र मिश्रले बताउनु भयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु

भयो । वैशाख १२ गते सम्म ११ जना महिला ९१ जना पुरूष गरी १ सय २ जना बसीरहेको साथै होम क्वारेन्टाइनमा ८ महिला गरी १७ जना निगरानीमा रहेको उहाँले जानकारी दिनु भयो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडिटि किटबाट परीक्षण शुरू गरेको बताउनु भयो । वैशाख १२ गते सुखिपुर नपामा पाँच महिला ३६ पुरूष गरी ४१ जना र अर्नमा गाउँपालिकामा चार महिला र दुई पुरूष गरी ६ जना गरी वैशाख १२ गते ४७ जनाको परीक्षण गरेको सबैको नतिजा निगेटिभ आएको बताउनु भयो ।

१२ गते सम्म ३ सय २१ जनाको परीक्षण गरिएकोमा सबैको नतिजा निगेटिभ आएको प्रमुख यादवले बताउनु भयो । जसमा सिरहा नपामा १० जना महिला र ८२ जना पुरूष, मिर्चैया नपामा तीन जना पुरूष, बरियारपट्टी गाउँपालिकामा एक जना पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच जना महिला र १३ जना पुरूष, गोलबजार नपामा तीन जना महिला र ४० जना पुरूष, सुखिपुर नपामा पाँच जना महिला र ४२ जना पुरूष, लहान नपामा १० जना पुरूष, नरहा गाउँपालिकामा दुई जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा पाँच जना महिला र १८ जना पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक जना महिला र ११ जना पुरूष, कल्याणपुर नपामा पाँच जना पुरूष, कर्जन्हा नपामा चार जना महिला र १६ जना पुरूष, औरही गाउँपालिकामा सात जना पुरूष, भगवानपुर गाउँपालिकामा १८ जना पुरूष र सखुवानन्कारकट्टी गाउँपालिकामा चार जना महिला र नौ जना पुरूष गरी जम्मा ३७ महिला र २ सय ८४ पुरूषको आरडिटि परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो ।

छिमेकी जिल्ला उदयपुरको भुल्केमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि उदयपुरसँग सीमा जोडिएका सिरहा तर्फका सबै नाका पूर्णरूपमा बन्द गरिएको छ ।

उदयपुर जिल्लामा दैनिक जसो कोरोना सङ्क्रमित फेला पर्न थालेकाले तत्काल आवत जावत रोक्न सिरहाका स्थानीयवासीले माग गरेपछि उदयपुर जिल्लासँग सीमा जोडिएका नाका बन्द गरिएको सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजकुमार गुरागाईंले जानकारी दिनु भयो ।

उदयपुरको विभिन्न स्थानबाट सर्वसाधारण लहान आउने र लहानबाट उदयपुरतर्फ आवत जावत भइरहेकाले सिरहा जिल्ला पनि उच्च जोखिममा रहेको भन्दै नाका सिल गराएको प्रजिअ गुरागाइले बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार धनुषाको बटेश्वर गाउँपालिका-१ लवकुश बजारमा कोरोना भाइरसको कारण लकडाउनको पालना गराउन पुगेका बटेश्वर प्रहरी चौकिका असई शिवशंकर यादव  र हवल्दार नागेन्द्रप्रसाद सिंहमाथि स्थानीयले हातपात गरेका छन् ।

लवकुश बजारमा वैशाख १२ गते बेलुकी ४ बजे लकडाउन पालना गराउन आएको बेला ठेलामा नास्ता बेची रहेको देखेपछि सम्झाउन खोज्दा उल्टै प्रहरीमाथी हातपात गरिएको पीडित असई शिवशंकर यादवले बताउनु भयो ।

सामुहिक रूपमा आफू र हवल्दारमाथी हातपात भएकाले महेन्द्रनगरका प्रहरी इन्स्पेक्टर पप्पु नायक, बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर राउत, वडाध्यक्ष १ का अध्यक्ष शैलेन्द्र महतो, वडा २ का अध्यक्ष गंगाराम कुवरलगायतका प्रतिनिधिहरूले घटनामा संलग्नहरूको खोजी कार्य भईरहेको वडाध्यक्ष शैलेन्द्र महतोले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार खुल्ला सीमा-नाका तथा दुबै देशमा लकडाउनको अवस्था भएकोमा भारतको विभिन्न शहरमा रोजगारीका लागि गएका कामदारहरू लुकी छिपी नेपाल प्रवेश गरेका १ हजार १ सय ४० जनालाई क्वारेन्टाईनमा राखिएको छ ।

लुकी छिपी आएका सबैलाई क्वारेन्टाईन तथा होम क्वारेनटाईनमा राखेर कोरोनाको निगरानी गर्ने कामक भएको प्रदेश २ का सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

यसरी लुकी छिपी आउनेहरूमा सप्तरी जिल्लामा १ सय ४५ जना, सिरहामा १ सय ५४ जना, धनुषामा ९१ जना, महोत्तरीमा १ सय ५० जना, सर्लाहीमा ३ सय ३३ जना, रौतहटमा १ सय ४१ जना, बारामा ८३ जना तथा पर्सा जिल्लामा ३ सय ४३ जना आएकोमा सबैलाई क्वारेन्टाईनमा राखिएको सामाजिक विकास मन्त्रालयलका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिनु भएको छ ।

यसका बाहेक पनि कोही लुकी छिपी आएको भए सो बारेमा प्रहरी, प्रशासन, स्थानीयतह एवम् मन्त्रालयको टोल फ्रि नम्बरमा जानकारी दिनका लागि मन्त्रालयले सबै प्रदेशवासीमा आग्रह गरेको छ ।

कोरोनाको महामारीबाट आफ्नै परिवार एवम् समाजलाई जोगाउनका लागि सहयोग गर्न भारतबाट आएको बारेमा जानकारी दिएर सहयोग गर्न आम नागरिकमा मन्त्रालयले आग्रह गरेको छ ।

भारतमा अहिले कोरोनाको सङ्क्रमण अत्यधिक मात्रामा फैलिएकाले लुकी छिपी आउने व्यक्ति आफै पनि जोखिममा रहने भएकाले स्वयम् जानकारी दिएर सहयोग गर्नका लागि आग्रह गरेको छ ।

खास गरेर नेपाल भारतको सीमा क्षेत्र पूर्ण रूपमा शिल भएपनि लुकी छिपी कोही आएको हुन सक्ने भएकाले छरछिमेकका व्यक्तिहरू आफै पनि सचेत रहनु पर्ने आवश्यकतामा स्वास्थ्यकर्मीहरूले सचेत गराउनु भएको छ ।

क्वारेन्टाईन गरिएकाहरू मध्ये कति जनाले १४ दिनको अवधि पार गरेर घर पनि फर्केका र केही व्यक्तिहरू अझै पनि क्वारेन्टाईनमा रहेका छन् ।

त्यसै गरी, गौशाला नगरपालिकामा स्थानीय सरकारले वितरण गरेको खाने तेलका कारण आधा दर्जन भन्दा बढी विरामी परेका छन् ।

खाने तेलबाट बनेको परिकार खाँदा सात जनालाई पखाला लागेको स्थानीयवासीहरूले जानकारी दिएका छन् ।

खाने तेलबाट परिकार बनाएर खाँदा गौशाला नपा-४ बस्ने १२ वर्षीया रामवती सदा, ३० वर्षीय श्रीचन सदा लगायत ६ जनालाई पखाला लागेको हो ।

राहतमा बाँडिएको खाने तेल खाँदा छोराछोरीहरूलाई पखाला लागेपछि आफुहरूलाई राहतभन्दा बढि आहात भएको स्थानीय उर्मिला सदाले बताउनु भयो ।

राहतमा खाने तेलको नाममा अमृत ब्राण्डका प्रशोधित पामोलिन खाने तेल वितरण गरेको भन्दै वैशाख १२ गते दिउँसो स्थानीय महिलाहरूले नगरपालिकाको कार्यालय समेत घेराउ गरेका छन् । गौशाला नगरपालिकाका नगर प्रमुख शिवनाथ महतोले बिरामी भएकाहरूको उपचार र दोषीलाई कारवाही गर्ने प्रतिबद्धता पछि घेराउ हटेको थियो ।

राहत सामग्री खरिद एवम् प्याकिंग गर्ने क्रममा सहभागीहरूसँग स्पष्टिकरण लिने वडाध्यक्ष रामबाबु साहले बताउनु भयो ।

नगरप्रमुख महतोले गौशाला नगरपालिकाको वडा नम्बर ४ मा राहतको नाममा ३ लाख ८४ हजार ४ सय रुपियाँ उपलब्ध गराइएको र हालसम्म ६ सय ८० घरपरिवारलाई राहत वितरण गरिएको जानकारी दिनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार धनकौल गाउँपालिका-५ हरकठवा बस्ने १४ वर्षीय बालकमा कोरोना भाइरसको पीसीआर टेष्ट पोजेटिभ देखिएपछि हरकठवा टोलमा सिल गरिएको छ ।
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौंबाट पीसीआर टेष्ट पोजेटिभ आएपछि धनकौल गाउँपालिका-५ हरकठवा टोलमा सिल गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी विश्वमणी पोखरेलले जानकारी दिनु भयो ।
०७७ वैशाख ५ गते र्‍यापीड डायग्नोष्टिक टेष्ट (आरडीटी) पोजेटिभ देखिएका बालकलाई थप स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएको थियो । जनकपुरबाट पीसीआर टेष्ट निगेटिभ आएपछि बालकलाई घर पठाइएको थियो ।
तर, ०७७ वैशाख ११ दिउँसो काठमाडौंबाट पीसीआर टेष्ट पोजेटिभ आएपछि हरकठवा टोलमा सिल गरिएको एसपी पोखरेलले जानकारी दिनु भएको छ ।
प्रादेशिक अस्पतालमा दुईपटक गरिएको पीसीआर रिपोर्ट नेगेटिभ देखिएपछि घर फिर्ता गरिएको थियो । बालकसँगै क्वारेन्टाइनमा बसेका अन्य एकजनालाई पनि पीसीआर टेष्टका लागि जनकपुर लगिएको थियो । दुबैको रिपोर्ट नेगेटिभ आएको थियो ।
०७७ वैशाख ७ गते बालकसँगै दुबैजनाको रिपोर्ट नेगेटिभ आएपनि बिहीबार भने काठमाडौंको टेकु अस्पतालबाट बालकको पोजेटिभ रिपोर्ट भन्ने खबर आएको हो । काठमाडौंबाट चार दिनपछि पुनः पोजेटिभ भनेर आउँदा अचम्म लागेको प्रहरी उपरीक्षक पोखरेलले बताए ।
टेकुबाट पोजेटिभ रिपोर्ट देखिएका बालकलाई वैशाख १० गते साँझ मात्र क्वारेन्टाइनबाट घर फिर्ता गरिएको थियो । तर, घरमा पनि बालकलाई छुट्टै कोठामा राखिएको थियो । सवधानीको लागि अहिले टोललाई सिल गरिएको छ ।
बालकलाई उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगंज पठाएको र घरका अन्य पाँच जना सदस्यलाई क्वारेन्टाइनमा राखिएको एसपी पोखरेलले जानकारी दिनु भएको छ ।
सर्लाही धनकौल गाउँपालिका-५ हरकठवाका एक १४ वर्षीय बालकको कोरोना परीक्षण पोजेटिभ आएपछि प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको टिम र विश्व स्वास्थ्य सङ्गठन ***WHO*** को टिमको संयुक्त प्रयाशमा ***contact tracing*** गरिएको साथै २६ जनाको थ्रोट स्वाब लिएर पिसीआर परीक्षणको लागि काठमाडौं पठाइएको छ । २६ जना मध्य ८-१० जना नजिकका लाई हरकठवा क्वारेन्टाइनमा राखिएको छ ।
थ्रोट स्वाब कलेक्शन जनकपुर प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको टिम रामउदगार यादव, सुमित पाण्डे र राजकुमार मिश्रले गर्नु भएको धनकौल गाउँपालिकाका अध्यक्ष रामआश्रे साहले जानकारी दिनु भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १७ जना महिला र २ सय ४२ पूरूष गरी जम्मा २ सय ५९ जना रहेका छन् । रौतहटमा हालसम्मा ६१ हजार ४ सय ७७ जनाको चेक जाँच गरीएको छ । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरीएको सङ्ख्या २ सय ७७ जना रहेको छ ।
हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका १ सय ९४ जनाको स्वाब परीक्षण गरीएकोमा १ सय ६१ जनाको रिर्पोट नेगेटीभ आएको छ भने एक जनाको रिर्पोट पोजेटिभ आएको र ३२ जनाको रिपोर्ट आउँन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।

त्यस्तै आर.डि..टी बाट स्वास्थ्य परीक्षण ४ सय ६७ जनाको गरीएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने जिल्लामा ८ सय ५१ ओटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको कुरा प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो ।

त्यसै गरी, रौतहटको दुई स्थानीयतहले सङ्घीय राजधानीबाट आफ्ना नागरीकको उद्धार गरेको छ । दुर्गाभगवति गाउँपालिकाले १ सय ११ जना र देवाही गोनाही नगरपालिकाले ३७ जनाको उद्धार गरेको हो । उद्धार गरीएका सबै आफ्ना घर पुगेका छन् ।

दुर्गाभगवति गाउँपालिका स्थित गाउँ आईपुगेका उनीहरू सबैको र्‍यापिड टेष्ट कीट अभावमा परीक्षण हुन नसकेपछि होम क्वारेन्टाइनमा बस्न आग्रह गरीएको छ । दुर्गाभगवति गाउँपालिकाले निर्माण गरेको सरस्वति माध्यामिक विद्यालयमा बनाइएको क्वारेन्टाइनमा उनीहरू सबैको थर्मल गनद्वारा ज्वरो मापन गरेपछि होम क्वारेन्टाइनमा बस्ने शर्तमा घर पठाइएको हो ।

रोजगारीको लागि सङ्घीय राजधानी गएका उनीहरू विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरसको कारण सरकारले देश लकडाउन गरेपछि घर आउन पाएका थिएनन् । भोक-भोकै राजधानीमा बस्नुपर्ने अवस्थाबाट दुर्गाभगवति गाउपालिकाले उद्धार गरी घर ल्याएपछि उनीहरूलाई राहत महसुस भएको छ । गाउँपालिकाले दुईओटा बसमा उनीहरूलाई उद्धार गरेको हो ।

घर आउनेमा बालबालिका १३, महिला ४० र पूरूष ५८ रहेका छन् । उनीहरूको उद्धार गरी गाउँपालिका ल्याइएको गाउँपालिकाका अध्यक्ष अरूणकुमार साहले बताउनु भयो । लकडाउनका कारण एक महिना सम्म बेरोजगार बनेकाहरूलाई हातमुख जोर्ने समस्या परेको थियो । यस्तो अवस्थामा गाउँ आउन पाउँदा आफुहरू भाग्यमानी रहेको महसुस गरेको उनीहरूले बताएका छन् ।

त्यसै गरी, रौतहट कटहरिया एफ.एम.का प्रमुख पत्रकार संजय मिश्रले व्यक्तिगत लगानीमा दलित तथा विपन्न परिवारलाई राहत वितरण गर्नु भएको छ । जिल्लाको फतुवाविजयपुर नगरपालिकाले हालसम्म राहत वितरण गर्न नसकेको अवस्थामा वडा नं. ९ र ११ स्थित अतिविपन्न खोरिया भन्ने मुसहरीटोलमा पत्रकार मिश्रले राहत वितरण गर्नुभएको हो ।

कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउनको कारण गरीब, विपन्न तथा अतिविपन्न दैनिक ज्यालादारी गर्ने परिवार बढी प्रभावित भएका छन् । सो कुरालाई मध्यनजर गर्दै उहाँले विपन्न ४० परिवारलाई चामल, दाल, खाने तेल, आलु, सोयाबिन, नुन लगायत सामग्री वितरण गरेको पत्रकार मिश्रले जानकारी दिनु भयो ।

कटहरिया एफएमका प्रमुख तथा रातोपाटिका रौतहट बारा सहकर्मी एवम् रेडियो वीरगंजका रौतहट संवाददाता संजय मिश्रले प्रति परिवार १० किलो चामल, एक किलो दाल, दुई किलो आलु, एक किलो नुन र ५ सय ग्राम सोयाबिन राहतको रूपमा वितरण गर्नु भएको हो । सो वितरण कार्यक्रममा विजयपुरका नगर प्रत्यासी सुरेन्द्र यादव, नेपाल पत्रकार महासंघ रौतहटका उपसभापति उत्तमकुमार उपाध्याय, पत्रकार कृष्ण तिवारी, समाजसेवी जयराम साह, प्रहरी प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

लकडाउन अवधिमा काठमाडौं उपत्यका लगायतका स्थानबाट रौतहट आएका भारतीय नागरिकहरूको व्यवस्थापन अहिले स्थानियतहलाई झञ्झटिलो विषय बनेको छ । नेपाल सरकारले कोरोना फैलिन नदिन लकडाउन गरेको छ तरपनि देशका विभिन्न स्थानबाट भारतीयहरू पैदल तथा अन्य माध्यमबाट रौतहट आइपुगेका छन् ।

उनीहरू जिल्लाका विभिन्न सीमा-नाका हुँदै आफ्नो देश भारत जानको लागि रौतहट आएका हुन् । तर हाल नेपाल–भारत सीमा पुरै शील भएको अवस्थामा दुबै देशका नागरीकलाई सीमा वारपार गर्न बन्देज

गरीएको छ । त्यसैले नेपाल हुँदै भारत जान लागेका भारतीय नागरीकहरूलाई नेपालमै व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको छ ।
यसरी जिल्लामा भेटिएका भारतीय नागरीकहरूलाई विभिन्न स्थानिय तहले सञ्चालन गरेको क्वारेन्टाइनमा राख्ने गरीएको छ । तर क्वारेन्टाइनमा बस्ने भारतीयहरूको सङ्ख्या बढ्दै गएपछि उनीहरूको व्यवस्थापन स्थानिय तहको लागि ठुलो चुनौती बन्दै गएको छ ।
जिल्ला प्रशासन कार्यालय रौतहटको तथ्याङ्क अनुसार पछिल्लो तीन दिनमा रौतहटको सीमानामा भेटिएका ६० जनालाई विभिन्न क्वारेन्टाइनमा राखिएको छ ।
अहिले जिल्लाका विभिन्न स्थानिय तहले आफ्ना नागरीकहरूलाई काठमाडौं उपत्यकाबाट उद्धार गरेर गाउँ ल्याउने तयारी गरीरहेका बेला उक्त समूहमा मिसीएर ठुलो सङ्ख्यामा भारतीय नागरीकहरू पनि रौतहट आउनसक्ने सम्भावना रहेको छ । मुस्लिम समुदायको ठुलो पर्व इदपनि नजिकिँदै गइरहेकोले आफ्नो घर जानको लागि भारतीयहरू विभिन्न माध्यमबाट जिल्लाका विभिन्न सीमा-नाका सम्म आउने सम्भावना रहेको स्थानियहरूले बताएका छन् ।
सीमामा भेटिएका भारतीयहरूलाई स्थानिय प्रशासनले एम्बुलेन्समा राखेर क्वारेन्टाइनमा पुऱ्याउने गरेको छ । यसरी नै भारतीय नागरीकहरूको सङ्ख्या बढ्दै जाने हो भने यहाँका स्थानिय तहले उनीहरूको व्यवस्थापन गर्न नसक्ने गौर नगरपालिकाका मेयर अजय गुप्ताको भनाइ छ ।
स्थानिय तहले आफ्नो बजेट परिचालन गरेर हाल क्वारेन्टाइनमा रहेका आफ्ना नागरीकको व्यवस्थापन गरीरहेको अवस्थामा यसरी नै भारतीय नागरीकहरू थपिँदै जाने हो भने कुनैपनि स्थानिय तहले खर्च धान्न नसक्ने अवस्था आउने उहाँको दाबी छ ।
क्वारेन्टाइनमा बस्नेहरूको खाजा, खाना, स्वास्थ्य परीक्षण लगायतका खर्चहरू हालसम्म स्थानियतहले जेनतेन व्यवस्थापन गरीरहको अवस्थामा दिनानुदिन थपिँदै आइरहेको भारतीय नागरिकहरूको क्वारेन्टाइनको खर्च स्थानिय तहले धान्न नसक्ने र यसरी राखिएका सम्पुर्ण भारतीयहरूको व्यवस्थापन केन्द्रिय सरकारले लिनुपर्ने भन्दै हाल सङ्घीय सरकारले सबै जिम्मा स्थानियतहको टाउको थुपारेर आफुभने रमिता हेरेर बसिरहेको मेयर गुप्ताले आरोप लगाउनु भयो ।
सङ्घीय सरकारले क्वारेन्टाइन व्यवस्थापन गर्नको लागि बजेट त परै जाओस् एउटा मास्क पनि नदिएको उहाँको आरोप छ । यसरी भारतीय नागरीकको सङ्ख्या बढदै जाने हो जिल्लामा रहेका क्वारेन्टाइनबा बेडहरू अपुग भएर थप्नुपर्ने अवस्था आउने मेयर गुप्ता बताउनु हुन्छ ।
जिल्लामा हाल ८ सय ५१ क्वारेन्टाइन बेडहरू रहेका छन् । यहाँको क्वारेन्टाइनमा १५ महिलासहित २ सय ३० जना राखिएका छन् । यसरी क्वारेन्टाइनमा राखिएकाहरूलाई नेपाल भारत सीमा नखुलुन्जेल पाल्नुपर्ने भएकाले पनि स्थानिय तहहरू हच्किएका हुन् । नेपाल भारत सीमा कहिलेसम्म खुल्छ भन्ने अझैसम्म कुनै अत्तोपत्तो छैन । गुप्ताले सङ्घीय सरकारले भारत सरकारसँग कुरा गरेर सीमामा आइपुगेका भारतीयलाई भारततर्फ पठाउने व्यवस्था गर्नुपर्ने वा उनीहरू जहाँ काम गरीरहेका थिए त्यहि उद्योगमा व्यवस्थापन गर्नुपर्ने सुझाव दिनु भएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा वैशाख १२ गते ठिक भएर तीन जना महिला र १३ जना पुरूष घर गएको र दुई जना महिला र पाँच जना पुरूषलाई सामान्य समस्या देखिएकाले वैशाख १२ गते क्वारेन्टाइमा राखिएको छ । यस सँगै हाल १ सय ९८ नागरिक क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा जितपुरसिमराको आइसोलेशन वार्डमा ६ जना बसीरहेको खड्काले बताउनु भयो ।

कलैया अस्पतालमा ३८ जना, कलैया उपमहानगरपालिकामा १४ जना, सिम्रोगढ नगरपालिकामा पाँच जना, महागढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा १४ जना, सुवर्ण गाउँपालिकामा १३ जना, आदर्शकोत्वाल गाउँपालिकमा पाँच जना, फेटा गाउँपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा १२ जना, निजगढन गाउँपालिकामा ६ जना, बारागढी गाउँपालिकामा तीन जना र कोल्हवी नगरपालिकामा ६ जना गरी जिल्लामा १ सय २९ जनाको आरडीटी विधिबाट परीक्षण भएकोमा सबैको नतिजा नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सूचाना अधिकारी ओम खड्काले बताउनु  भयो । वैशाख १२ गते दुईजनाको मात्र थप परीक्षण भएको छ ।

देवताल गाउँपालिका-१ मा लकडाउनबाट प्रभावित विपन्न १ सय २६ घरपरिवारलाई वैशाख ११ गते राहत वितरण गरेको वडा अध्यक्ष पन्नालाल साहले बताउनु भयो । उहाँले एक परिवारलाई ३० किलो चामल, तीन किलो दाल, दुई किलो चिनी, दुई पकेट नुन, दुई लिटर तेल, एक ओटा साबुन वितरण गरेको बताउनु भयो ।

राहतवितरण गर्न वडा सचिव नन्दकिशोर साह, सुरक्षाकर्मी, राजनीतिक दलका प्रतिनिधि तथा भद्र भलादमीले सहयोग गरेको बताउनु भयो ।

पचरौता नगरपालिका-४ मा लकडाउनबाट प्रभावित ४ सय १८ घरपरिवारलाई वैशाख ११ गते राहत वितरण गरेको वडा अध्यक्ष कन्हैयालाल यादवले बताउनु भयो । विपन्न घर परिवारलाई चामल, दाल, आलु, खाने तेल, नुन वितरण गरेको नगर प्रमुख रमेशकुमार यादवले बताउनु भयो ।

सोही नगरपालिका-७ बेनौलीमा लकडाउनबाट प्रभावित पाँच सय ६ विपन्न घर परिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष दिनानाथ सहनीले बताउनु भयो । सोही नगरपालिका-८ मा लकडाउनबाट प्रभावित २ सय २५ विपन्न परिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष सर्वजित यादवले बताउनु भयो ।

निजगढ नगरपालिका-११ रतनपुरको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कोरोना भाइरस कोभिड-१९ प्रकोप रोकथाम तथा नियन्त्रणका लागि सञ्चालन भएको क्वारेन्टाइनमा इँट्टाभट्टामा काम गरिरहेकी मजदुर अस्तुनी गुरोलाई सामान्य ज्वरो आएकाले वैशाख ४ गते बस्नु भएको छ । उहाँ सँगै अन्य आठ जना क्वारेन्टाइनमा रहेको गुरोले बताउनु भयो । उहाँले हावाहुरी चलिरहने र चट्टयाङ्गका साथपानी परेकाले एउटा सानो बच्चासहित तीनजनालाई रात भरी निन्द्रा नलागेकाले कोठामा पङ्खा लगाउनकालागि नगर प्रमुख सुरेश खनाल सँग वैशाख ११ गते गुनासो गरे पनि वास्ता नगरेको बताउनु भयो । उहाँले धेरै गर्मी भएपछि बाहिर निस्केर बस्ने गरेको बताउनु भयो ।

क्वारेटाइनमा राख्नका लागि पाँच बेड क्षमताबाट शुरू गरिएको र नागरिकको सङ्ख्या बढ्दै गएकाले बेड सङ्ख्या बढाउँदै समस्याको समाधान गरिरहेको सोही वडाका वडा अध्यक्ष प्रेमबहादुर रूम्वाले बताउनु भयो ।

क्वारेन्टाइनमा समस्या भएको अनुगमन गर्दा जानकारी पाएकोले समाधा गर्न वडा कार्यालय सँग सल्लाह भइरहेका र अर्को व्यवस्था नहुन्जेल सम्म समस्या सहेर बस्न पर्ने अवस्था रहेको नगर प्रमुख सुरेश खनालले बताउनु भयो ।

सिम्रोनगढ नगरपालिका-७ कंकाली माद्यमिक विद्यालयमा सञ्चालनमा रहेको क्वारेन्टाइनमा बसेका ३९ जनाको स्वास्थ्य सामान्य रहेको स्वास्थ्य संयोजक राजेन्द्रप्रसाद साहले बताउनु भयो । नेपालबाट भारत जाँदै गरेका र भारतबाट नेपाल आएका नागरिकलाई सशस्त्र प्रहरी, नेपाल प्रहरी, नगरपालिकाको कार्यालयको पहलमा क्वारेन्टाइनमा राखिएको नगर प्रमुख विजयशंकर यादवले बताउनु भयो ।

जितपुरसिमरा उपमहानगरपालिका भित्र सञ्चालन भएका सबै निजि विद्यालयहरूले आवास शुल्क वाहेक ०७६ चैत महिनामा लिइने सबै शुल्क नलिनकालागि नेपाल सरकारको निर्देशनअनुसार अनुरोध

गरेको र कसैले कुनै शुल्क लिएमा नगरपालिकाको कार्यालयमा जानकारी गराउन नगर प्रमुख कृष्ण पौडेलले अनुरोध गर्नु भएको बताउनु भएको छ ।
राष्ट्र उत्थान लघुबित्त बित्तिय संस्था कलैया शाखाका लोन सुपरभाईजर कौशल यादव र शाखा प्रमुख नन्दु महतोले कोरोना भाईरसबाट नागरिकहरूको शुरक्षा तथा राहतका लागि कलैया उपमहानगरपालिका-२ का वडा अध्यक्ष राजेश मण्डललाई १० हजार रुपियाँ हस्तान्तरण गर्नु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार ०७६ चैत ३० गते वीरगंजको छपकैयाको यतिम खानामा आश्रय लिएर बसेका तीन जना इस्लाम धर्म प्रचारकमा कोरोना सङ्क्रमणको पुष्टि भयो ।
नेपाल भारतको प्रमुख व्यापार नाका कोरोना सङ्क्रमणको जोखिममा त थियो नै । तर धर्म प्रचारकहरुमा त्यो सङ्क्रमणको पुष्टि भइसकेपछि वीरगंज र आसपासको जनजीवनमा भय पैदा भएको छ ।
कोरोना सङ्क्रमणको पुष्टि पछि स्थानीय सरकार र प्रशाशनले तत्काल सतर्कता देखाएको छ । सङ्क्रमीतहरु बसेको क्षेत्र शिल गरियो भने उनीहरुको ट्रभाल हिस्ट्रीको खोजी भयो ।
कोरोना भाइरसको इन्कुबेशन पिरियड र उनीहरूको ट्रभाल हिस्ट्रीकाबीच तालमेल देखिँदैन । अझैपनि उनीहरुमा सङ्क्रमण कसरी भयो भन्ने प्रश्न अनुत्तरित नै छ ।
छपकैया क्षेत्र शिल भएपछि टेष्टको काम भने त्यही रफ्तारमा अगाडि बढ्न सकेको छैन । करिव तीन दिन पछि मात्र टेष्टको कामले गती लिएको छ । त्यस बीचमा शिल क्षेत्रमा खाद्य सामग्रीको अभाव भएको कुरा उठ्यो र स्थानीय सरकार प्रमुख राहत लिएर आफै त्यो क्षेत्रमा जानु भयो ।
यस बीचमा वीरगंजमा २ सय ३० जना भन्दा बढीको थ्रोट स्वाब पिसिआर मेशिनबाट परीक्षण भयो । कसैमा पनि कोरोना भाइरसको सङ्क्रमण देखिएन ।
४ हजार बढीमा भएको र्‍यापिड डाईनोष्टिक टेष्ट (आरडिटी)मा पनि नेगेटिभनै भेटियो ।यि सबै  परीक्षणबाट सङ्क्रमित व्यक्तिबाट कोरोना समुदायमा नसरेको प्रमाणित भएको छ ।
कोरोना भाइरसको सङ्क्रमण समुदायमा नफैलनु यस क्षेत्रकालागि राहतको विषय हो ।
वीरगंज महानगरपालिका-२ छपकैयास्थित मक्की मस्जिद र घुसुकपुर स्थित मस्जिदमा रहेका तीन जना सहित वीरगञ्जको नयाँ बस पार्कमा चिया पसल सञ्चालन गर्ने एक महिलामा कोरोना सङ्क्रमण देखिएपछि जोखिम निकै थियो ।
तर, पिसिआर परीक्षण र्‍यापिड डाईनोष्टिक टेष्ट गरिएकोमा एक जनालाई पनि पोजेटिभ नदेखिएपछि सङ्क्रमण व्यक्तिबाट समुदायमा नपुगेको पुष्टि भएको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मदन उपाध्यायले बताउनु भयो ।
चार जनामा सङ्क्रमण पुष्टि भएको २३ दिन भइसकेको र उनीहरूको सम्पर्कमा रहेकाहरूलाई खोजेर थ्रोट स्वाब परीक्षण तथा समुदाय स्तरमा र्‍यापिड डायग्नोस्टिक टेष्ट गरिएकोमा हाल सम्म एक जनामा पनि सङ्क्रमण नभेटिएको डा.उपाध्यायले बताउनु भयो ।
सङ्क्रमित उनीहरूमा काहाँबाट सर्‍यो भन्ने कुरा अनुतरीत नै छ । उनीहरूको दाबी हेर्ने हो भने तीन जना भारतीय नागरिक चार महिना देखी नेपालमै रहेका छन् । यस्तो हो भने सङ्क्रमणको जोखिम अझै बाँकी छ ।
त्यो जोखिम वीरगंजमा नभए पनि प्रदेश नं २ को अन्य ठाउँ जहाँ धर्म प्रचारकहरू पुगेको ठाउँ छ । कोरोना भाइरसको सङ्क्रमण नेपालमा दोश्रो चरणमा प्रवेश गरेको छ ।

वीरगंज क्षेत्रमा सङ्क्रमण पुष्टि भएपनि त्यसबाट अन्यमा नसरेको पाउँदा भने सुखद अनूभूती गर्न त सकिन्छ तर सतर्कता अपनाउन भने झनै आवश्यक देखिन्छ ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**